स्थानीय तहको आर्थिक ऐन २०७९

**साल्पासिलिछो गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक (संशोधन सहित)** २०७९

**प्रस्तावनाः** साल्पासिलिछो गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकुलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५४ बमोजिम साल्पासिलिछो गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम–आर्थिक ऐन २०७९ रहेको छ।

(२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि साल्पासिलिछो गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत), सिफारीस दस्तुर, सेवा शुल्क दस्तुर :** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) सिफारीस दस्तुर, सेवा शुल्क दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल कर, विज्ञापन कर, श्रोत परिचालन** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा तथा गाउँपालिकाक्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर तथा विज्ञापन कर लगाइने र असूल गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

५. **व्यवसाय करः** गाउँपालिकाक्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (६) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **निकासि कर :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भएको, विभिन्न जडीबुटी, कृषि उत्पादन, लगाएत सामानको निकासी गर्दा अनुसूची (९) बमोजिम निकासी कर लगाइने छ ।

१०. **पार्किङ अन्य सेवा शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा तथा अन्य सुविधा उपलब्ध गराए वापत अनुसूचि (८) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१२. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## राजस्व परामर्श समिति

अनुसूची १

| क्र.स. | विवरण | विस्तृत विवरण | दर | संख्या | रकम |
|---|---|---|---|---|---|
| १ | टिन छाना | घरधुरी कर | २० | | |
| २ | फुस छाना | घरधुरी कर | १० | | |
| ३ | पक्की घर | घरधुरी कर | ५० | | |

जरिवानाको हकम (मालपोत तथा घर धुरी कर) — एक बर्ष सम्मको २०%, २ बर्ष सम्मको २५% ३ बर्ष सम्मको ३०% ४ बर्ष सम्मको ३५% सो भन्दा बढी भएमा थप ५०% जरिवाना लाग्ने छ

अनुसूची २

| | विवरण | विस्तृत विवरण | दर | संख्या | रकम |
|---|---|---|---|---|---|
| १ | घरजग्गा नामसारी सिफारीस | ५ रोपनी सम्म | २००।०० | | |
| | | ५ माथि १० रोपनीसम्म | २५०।०० | | |
| | | १० माथि २० रोपनीसम्म | ३००।०० | | |
| | | २० माथि ५० रोपनीसम्म | ४००।०० | | |
| | | ५० रोपनीभन्दा माथि | ५००।०० | | |
| २ | मोही लगत कट्टा सिफारीस | १ रोपनी सम्मको | २००।०० | | |
| | | १ रोपनी भन्दा माथिको | २००।०० | | |
| ३ | घर कायम सिफारीस | पक्की घर (प्रति वर्ग फिट) | ५।०० | | |
| | | कच्ची घर (प्रति वर्ग फिट) | २।०० | | |
| ४ | सरजमिन सिफारीस दस्तुर | | ५००।०० | | |
| ५ | छात्रवृति सिफारीस | | २००।०० | | |
| ६ | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारीस | | निशुल्क | | |
| ७ | अपाङ्गता भएको सिफारीस | | निशुल्क | | |
| ८ | अस्थाइ बसोबास सिफारीस | | २००।०० | | |
| ९ | स्थायी बसोबास सिफारीस | | २००।०० | | |
| १० | नागरिकता सिफारीस | वंशज | २००।०० | | |
| | | अंगिकृत | १०००।०० | | |
| ११ | विद्युत जडान सिफारीस | | २००।०० | | |
| १२ | धारा जडान सिफारीस | | २००।०० | | |
| १३ | जीवित रहेको सिफारीस | | २००।०० | | |
| १४ | दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारीस | | २००।०० | | |
| १५ | व्यवसाय बन्द सिफारीस | | २००।०० | | |
| १६ | व्यवसाय सञ्चालन नभएको सिफारीस | | २००।०० | | |
| १७ | व्यापार व्यवसाय नभएको सिफारीस | | २००।०० | | |
| १८ | कोर्ट फी मिनाहा सिफारीस | | नि:शुल्क | | |
| १९ | नाबालक परिचयपत्र सिफारीस | | २००।०० | | |
| २० | चौपाया सम्बन्धी सिफारीस | | २००।०० | | |
| २१ | व्यवसाय दर्ता सिफारीस | | २००।०० | | |
| २२ | उद्योग ठाउँसारी सिफारीस | | २००।०० | | |
| २३ | विद्यालय ठाउँसारी सिफारीस | | ५००।०० | | |
| २४ | आन्तरिक बसाइसराइ सिफारीस | | २००।०० | | |
| २५ | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्धि/ सिफारीस | | ५००।०० | | |
| २६ | व्यक्तिगत विवरण सिफारिस/ नवीकरण सिफारीस | | २००।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | जग्गा दर्ता सिफारीस | | २००।०० | | |
| २८ | संरक्षक सिफारीस व्यक्तिगत | | २००।०० | | |
| २९ | संरक्षक सिफारीस संस्थागत | | ४००।०० | | |
| ३० | नेपाल सरकारको नाममा बाटो कायम सिफारीस | | २००।०० | | |
| ३१ | कोठा खोल्न कार्य रोहबरमा बस्ने सिफारीस | | २००।०० | | |
| ३२ | स्वास्थ्य उपचारको सिफारीस | निशुल्क उपचारको लागि | निशुल्क | | |
| | | सशुल्क उपचारको लागि | २००।०० | | |
| ३३ | संस्था दर्ता सिफारीस | | २००।०० | | |
| ३४ | जग्गा धनीपुर्जा हराएको सिफारीस | | ५००।०० | | |
| ३५ | जीवित सँगको नाता प्रमाणित | | २००।०० | | |
| ३६ | मृतकसँगको नाता प्रमाणित | | २००।०० | | |
| ३७ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | ५००।०० | | |
| ३८ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | निःशुल्क | | |
| ३९ | जग्गा मुल्याङ्कन सिफारीस/ प्रमाणित | | प्रति हजारमा १ रूपैया | | |
| ४० | चारकिल्ला प्रमाणित | | २००।०० | | |
| ४१ | जन्ममिति प्रमाणित | | २००।०० | | |
| ४२ | जन्ममिति प्रमाणित हराएमा | | ५००।०० | | |
| ४३ | घर बाटो प्रमाणित | बाटो भएको | २००।०० | | |
| | | बाटो नभएको | २००।०० | | |
| ४४ | विवाह प्रमाणित | | २००।०० | | |
| | विवाह प्रमाणित हराएमा | | ५००।०० | | |
| ४५ | घर पाताल प्रमाणित | | २००।०० | | |
| | कागज/ मञ्जुरिनामा प्रमाणित | | २००।०० | | |
| ४६ | हकवाला वा हकदार प्रमाणित | | २००।०० | | |
| ४७ | घर सम्पन्न सिफारीस/ प्रमाणित | पक्की -प्रकोप बाहेक | १०००।०० | | |
| | | अर्ध पक्की (प्रकोप बाहेक | ५००।०० | | |
| | | कच्ची -प्रकोप बाहेक | २००।०० | | |
| ४७ | अविवाहित प्रमाणित | | ५००।०० | | |
| | अपुताली सिफारिस | | १०००।०० | | |
| | अन्य सिफारीस वा प्रमाणित | | २००।०० | | |
| ५० | घर नक्सापास दस्तुर | पक्की घर | प्रति वर्गफुट १२।०० | | |
| | | कच्ची घर | प्रति वर्ग फुट ५।०० | | |
| ५१ | नक्सा पास निवेदन फाराम दस्तुर | | २००।०० | | |
| ५२ | सरसफाइ शुल्क | मासिक | २००।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सरसफाइ कार्डको | २००।०० | | |
| | नोट: सरसफाइ सम्बन्धी पुर्वाधार बनेपछि लाग्नेछ । | | | | |
| | प्रमाणपत्र संशोधन तथा हराएको प्रतिलिपि लिन | | ५००।०० | | |
| ५३ | घर खाली गराउँदा प्रतिदिन | | ५००।०० | | |
| माथि उल्लिखित सिफारीस वा प्रमाणितको प्रतिलिपी आवश्यक परेमा पनि सुरु तोकिएको दस्तुर पुनः लाग्नेछ । र उल्लिखित कागजात अंग्रेजी भाषामा आवश्यक परेमा रु. ५०० लाग्नेछ । माथि उल्लिखित सिफारीस र प्रमाणित बाहेक कुनै निर्णय वा फैसला आदिको नक्कल आवश्यक परेमा प्रतिपाना १० रुपयाँ दस्तुर लाग्नेछ । | | | | | |
| | **दर्ता शुल्क** | | | | |
| ५४ | जन्म दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००।०० | | |
| ५५ | मृत्य दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००।०० | | |
| ५६ | बसाइसराइ जाने आउने दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | आउनेलाई ५००।०० | | |
| ५७ | सम्बन्धविच्छेद दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००।०० | | |
| ५८ | विवाह दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००।०० | | |
| ५९ | नया व्यवसाय दर्ता | १ लाख सम्मको | ३००।०० | | |
| | | १ लाख देखि ५ लाखसम्मो | ५००।०० | | |
| | | ५ लाखदेखि २० लाख सम्मको | १०००।०० | | |
| | | २० लाख देखी ५० लाख सम्मको | ५०००।०० | | |
| | | ५० लाख देखी १ करोड सम्म | १००००।०० | | |
| | | १ करोड भन्दा माथि | १६०००।०० | | |
| भोजपुर जिल्ला साल्पासिलिछो गाउँपालिका कुनै व्यवसाय संचालन गर्नु पुर्व तथा संचालन भइरहेको व्यवसाय अनिवार्य दर्ता र नवीकरण गरेर मात्र संचालन गर्नु पर्ने छ। | | | | | |
| ६० | उजुरी दर्ता तथा मुद्दा दस्तुर | | ५००।०० | | |
| ६१ | व्यवसाय नविकरण | १ लाख सम्मको | २००।०० | | |
| | | १ लाख देखि ५ लाखसम्मो | ३००।०० | | |
| | | ५ लाखदेखि २० लाख सम्मको | ५००।०० | | |
| | | २० लाख देखी ५० लाख सम्मको | ३०००।०० | | |
| | | ५० लाख देखी १ करोड सम्म | ७०००।०० | | |
| | | १ करोड भन्दा माथि | १००००।०० | | |
| बार्षिक रुपमा व्यवासाय नवीकरण गर्नुपर्नेछ र नवीकरण हरेक बर्ष पौष मसान्त भित्र अनिवार्य गरिसक्नु पर्नेछ। अन्यथा प्रतिवर्ष १०% का दरले थप शुल्क लाग्नेछ। | | | | | |
| | **कर** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| [illegible] | सम्पति कर | सम्पति कर पछि विस्तृत अध्ययन गरी लगाइने । | | | |
| ६५ | मालपोत/ भुमि कर | **खेत/ बारी** | | | |
| | | अब्बल प्रति रोपनी | २०।०० | | |
| | | दोयम प्रति रोपनी | १५।०० | | |
| | | सिम प्रति रोपनी | १०।०० | | |
| | | चाहार प्रति रोपनी | ५।०० | | |

नोट: 2 वर्षभन्दा लामो समय सम्म कर नबुझाउनेलाई जम्मा कर रकममा २५%, 5 वर्षभन्दा बढी समय नबुझाउनेलाई ३५% , र ८ वर्षभन्दा लामो समय कर नबुझाउनेलाई ५०% थप जरिवाना लाग्नेछ ।

अनुसूची ३

| | | | | | |
|---|---|---|---|---|---|
| ६३ | घर बहाल कर | कोठा वा घरभाडाको | १० प्रतिशत | | |
| ६४ | विज्ञापन कर | सार्वजनिक स्थानमा विज्ञापन वा साइनबोर्ड राखेवापत वार्षिक | १०००।०० | | |
| 66 | स्रोत परिचालन | हलभाडा प्रतिदिन | २००।०० | | |
| | | कुर्सी भाडा प्रतिदिन/ प्रतिगोटा | ५।०० | | |

अनुसूची ४

| | | | | | |
|---|---|---|---|---|---|
| 67 | मदिरा पसल | वितरक | ५०००।०० | | |
| | | थोक | ३०००।०० | | |
| | | खुद्रा | २०००।०० | | |
| 68 | चुरोट बिडी सुर्ती जन्य | वितरक | २०००।०० | | |
| | | थोक | १५००।०० | | |
| | | खुद्रा | १०००।०० | | |
| 69 | हल्का पेय पदार्थ | वितरक | १५००।०० | | |
| | | थोक | १०००।०० | | |
| | | खुद्रा | ५००।०० | | |
| 70 | सुनचाँदी पसल | थोक | १५००।०० | | |
| | | खुद्रा पसल र मर्मत | १०००।०० | | |
| 71 | औषधी पसल | थोक | ३०००।०० | | |
| | | खुद्रा डाक्टर भएको | २०००।०० | | |
| | | खुद्रा डाक्टर नभएको | १५००।०० | | |
| 72 | माछामासु बिक्री पसल | | २०००।०० | | |
| 73 | आयुर्वेदिक औषधी पसल | | ५००।०० | | |
| 74 | एग्रोभेट पसल | थोक | २०००।०० | | |
| | | खुद्रा | १०००।०० | | |
| 75 | स्टेशनरी तथा पुस्तक पसल | थोक | १५००।०० | | |
| | | खुद्रा | १०००।०० | | |
| 76 | छपाइ तथा प्रकाशन | अफसेट प्रेस | २०००।०० | | |
| | | साधारण प्रेस | १०००।०० | | |
| 77 | कस्मेटिक पसल | | १५००।०० | | |
| 78 | मोटर पार्ट्स | थोक | २०००।०० | | |
| | | खुद्रा | १५००।०० | | |
| 79 | प्लाइ तथा ग्लास | थोक | २५००।०० | | |
| | | खुद्रा | १५००।०० | | |
| 80 | कपडा/फेन्सी/जुत्ताचप्पल/ब्याग पसल | थोक | २५००।०० | | |
| | | खुद्रा | १५००।०० | | |
| 81 | धागो टाक पसल | थोक | १५००।०० | | |
| | | खुद्रा | ७००।०० | | |
| 82 | इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि) | वितरक | ३०००।०० | | |
| | | थोक | १५००।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | खुद्रा | १०००।०० | | |
| 83 | हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल | थोक | ५०००।०० | | |
| | | खुद्रा | ३०००।०० | | |
| 84 | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | ५०००।०० | | |
| | | पेट्रोल बिक्री केन्द्र | ३०००।०० | | |
| | | ग्यास सिलिन्डर सब डिलर | ३०००।०० | | |
| | | मट्टितेल मात्र बिक्री | २०००।०० | | |
| 85 | स्टिल आलमुनियम पसल | थोक | २०००।०० | | |
| | | खुद्रा | १०००।०० | | |
| 86 | फर्निचर | थोक | १५००।०० | | |
| | | खुद्रा | १०००।०० | | |
| 87 | ढुङ्गा तथा गिट्टी बालुवा संकलन तथा बिक्री वितरण गर्ने | | | | |
| | विवरण | एकाई | दर | एकाई | दर |
| | ढुंगा गिट्टी | प्रति ट्रयाक्टर | ४०० | प्रति घन मिटर | १०६ |
| | बालुवा | प्रति ट्रयाक्टर | ३०० | प्रति घन मिटर | ८९ |
| | गिट्टी बालुवा | प्रति ट्रयाक्टर | ४०० | प्रति घन मिटर | १०६ |
| | ढुंगा गिट्टी | प्रति ट्रीपर | ११०० | प्रति घन मिटर | १०६ |
| | बालुवा | प्रति ट्रीपर | ९०० | प्रति घन मिटर | ८९ |
| | गिट्टी बालुवा | प्रति ट्रीपर | ४०० | प्रति घन मिटर | १०६ |
| 88 | कपडा सिलाइ कटाइ | इलेक्टोनिक्स | १०००।०० | | |
| | | हाते मेसिन | २००।०० | | |
| 89 | सुकर तथा पुल हाउस | | २०००।०० | | |
| 90 | पशु आहार बिक्री केन्द्र | | १०००।०० | | |
| 91 | किराना पसल | थोक | १५००।०० | | |
| | | खुद्रा | ५००।०० | | |
| 92 | फलफूल/तरकारी पसल | थोक | ८००।०० | | |
| | | खुद्रा | ४००।०० | | |
| 93 | उपहार/ गिफ्ट/ खेलौना पसल | थोक | १०००।०० | | |
| | | खुद्रा | ५००।०० | | |
| 94 | भाँडा पसल (स्टील, प्लास्टिक,आल्मुनियम सबैथरी) | थोक | २०००।०० | | |
| | | खुद्रा | १०००।०० | | |
| 95 | माटाको भाँडा पसल | थोक, खुद्रा | २००।०० | | |
| 96 | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा | चिकित्सक | २०००।०० | | |
| | | कन्सल्टेन्ट सेवा(इन्जिनियरिङ्ग) | २०००।०० | | |
| | | कानुन व्यावसायी ल फर्म | २०००।०० | | |
| | | लेखापरीक्षण व्यावसायी | २०००।०० | | |
| | | दन्तचिकित्सक | २०००।०० | | |
| | | अनुसन्धानकर्ता परामर्शदाता | २०००।०० | | |
| | | पशु चिकित्सक डाक्टर | २०००।०० | | |
| | | रोजगार सेवा | ३०००।०० | | |
| 97 | ढुवानी तथा ट्रान्सपोर्ट | | २०००।०० | | |
| 98 | पेन्टर/ साइनबोर्ड लेख्रे | | १०००।०० | | |
| 99 | खोटो व्यवसायी | | १०००।०० | | |
| 100 | जग्गा व्यवसायी | | २०००।०० | | |
| 101 | निर्माण व्यवसायी | | १५०००।०० | | |
| 102 | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | १०००।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | **उत्पादनमूलक उद्योग** | | | | |
| 103 | ग्रील उद्योग | | ३०००।०० | | |
| 104 | जुत्ता उद्योग | | १५००।०० | | |
| 105 | घरेलु कुटिर उद्योग(अगरबत्ती, मैनबत्ती,टीकी, अचार तथा अन्य कुटिर) | | १०००।०० | | |
| 106 | कपडा तथा गार्मेन्ट उद्यँ ोग | | ५०००।०० | | |
| 107 | सिरक डसना उद्योग पसल | | १५००।०० | | |
| 108 | कुटानी, पिसानी, पेलानी/ मिल | | ३०००।०० | | |
| 109 | मसला मिल | | १०००।०० | | |
| | नोट: यदि मसला मिल रहेको मिलबाटै कुटानी पेलानी मिल पनि छ भने कुटानी पेलानी मिलकै व्यवसाय कर लाग्ने छ । | | | | |
| 110 | डेरी उद्योग/ व्यवसाय | | ५००।०० | | |
| 111 | उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिज नुडल्स | १०००।०० | | |
| | | दालमोट पाउरोटी चाउमीन | १०००।०० | | |
| | | पापड चिप्स फिगर | १०००।०० | | |
| 112 | वनजन्य उद्योग | स मिल प्लाइउड उद्योग | १००००।०० | | |
| | | काठ बिक्री डिपो | ५०००।०० | | |
| 113 | क्रसर÷कन्क्रीट÷इटा भट्टा उद्योग | | ५०००।०० | | |
| 114 | ढाकाटोपी पस्मिना उद्योग | | ५००।०० | | |
| 115 | सुर्तिजन्य उद्योग | | ५०००।०० | | |
| 116 | **होटल लज रेष्टुरेन्ट** | होटल र लज | २०००।०० | | |
| | | भोजनालय | १०००।०० | | |
| | | मिठाई पसल | ५००।०० | | |
| | | पार्टी प्यालेस | २५००।०० | | |
| | | रेष्टुरेन्ट-बार | २०००।०० | | |
| | | चिया र खाजा पसल | ५००।०० | | |
| | | साना,खाजा-नास्ता पसल (मदिरासहित) | २०००।०० | | |
| 117 | टेन्ट हाउस | | २०००।०० | | |
| | **सेवा उद्योग** | | | | |
| 118 | सञ्चार | एफ.एम. प्रसारण | २०००।०० | | |
| | | केवुल च्यानल प्रसारण | २०००।०० | | |
| | | पत्रपत्रिका प्रकाशन सेवा | १०००।०० | | |
| | | फोटोकपी, पी.सि.ओ साइबर तथा क्याफे | १०००।०० | | |
| | | कुरियर सेवा | १०००।०० | | |
| | | कलर ल्याब/ फोटोस्टुडियो | १०००।०० | | |
| | | वाणिज्य वैंक प्रति शाखा/केन्द्रिय कार्यालय | ५०००।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 119 | वित्तीय | विकास वैंक प्रति शाखा/ केन्द्रिय कार्यालय | ५०००।०० | | |
| | | फाइनान्स कम्पनी शाखा कार्यालय | ५०००।०० | | |
| | | वित्तीय/ ऋण सहकारी संस्था | २०००।०० | | |
| | | मनी ट्रान्सफर | १५००।०० | | |
| | | विमा कम्पनी | २०००।०० | | |
| | | लघु वित्त | २०००।०० | | |
| 120 | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | २५०००।०० | | |
| | | क्लिनिक तथा ल्याब | १५००।०० | | |
| | | चस्मा पसल | १५००।०० | | |
| 121 | शिक्षा सेवा निजी | क्याम्पस | २०००।०० | | |
| | | मावि/ उच्चमावि | १५००।०० | | |
| | | मावि | १०००।०० | | |
| | | आधारभूत | १०००।०० | | |
| | | प्राथिमिक | १०००।०० | | |
| | | छात्रावास | १०००।०० | | |
| | | मन्टेश्वरी | १०००।०० | | |
| | | पूर्व प्राथमिक | ८००।०० | | |
| | | ट्युशन सेन्टर | १५००।०० | | |
| | | कम्प्युटर / नृत्यकला सिकाइ केन्दर | १०००।०० | | |
| | | तालीम तथा अनुसन्धान केन्द्र | १०००।०० | | |
| 122 | मर्मत सम्भार | टायर-ट्युव मर्मत, रिसोलिङ्ग,हावा भर्ने | १०००।०० | | |
| | | इन्जिन मर्मत | १५००।०० | | |
| | | डेन्टिङ्ग पेन्टिङ्ग | १५००।०० | | |
| | | टि.भी, फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी जेनेरेटर, कम्प्युटर, मोबाइल | १०००।०० | | |
| | | मोटरसाइकल मर्मत | १५००।०० | | |
| | | बस,ट्याक्सी लगायतका सवारी साधन मर्मत | २०००।०० | | |
| | | अन्य विविध मर्मत | १०००।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 123 | ड्राइ क्लिनर, ब्युटी पार्लर तथा सैलुन | | १०००।०० | | |
| 124 | फूल विरुवा पसल | | ५००।०० | | |
| 125 | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | २०००।०० | | |
| | | अन्तराष्ट्रिय | ५०००।०० | | |

अनुसूची ५

| | | | | | |
|---|---|---|---|---|---|
| 126 | सवारी साधन कर | बस ट्रक लरी र हेभी गाडी | ३०००।०० | | |
| | | भाडाका कार जिप | २०००।०० | | |
| | | निजी कार, जीप, मयुरी | १०००।०० | | |
| | | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा | ५००।०० | | |
| | | बार्षिक सवारी कर ( ट्याक्टर) | ३०००।०० | | |
| | | ठेलागाडा तथा रिक्सामा | ५००।०० | | |
| 127 | पटके सवारी कर | | ५०।०० | | |

द्रष्टव्य: एक गाउँपालिकाले सवारी दर्ता तथा वार्षिक सवारी कर लिएपछि अर्को गाउँपालिकाले त्यस्तो सवारी दर्ता तथा वार्षिक सवारी कर लिन पाउँनेछैन ।

अनुसूची ६

| | | | | | |
|---|---|---|---|---|---|
| 128 | मनोरञ्जन कर | सिनेमा हल तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | २.००. | | |
| | | जादु सर्कस चटक आदिमा | प्रतिदिन ३०० | | |
| 129 | जडीबुटी जिवजन्तुकर | पछि निर्णय गरिने । | | | |

अनुसूची ७

| | | | | | |
|---|---|---|---|---|---|
| 130 | बहाल बिटौरी कर | टहरो छाप्रोको मासिक | ५०।०० | | |
| | | घुम्ती मासिक | ५०।०० | | |
| | | ठेला मासिक | ५०।०० | | |

अनुसूची ८

| | | | | | |
|---|---|---|---|---|---|
| 131 | पार्किङ्ग शुल्क: प्रतिदिन | बस , ट्रक, लरी, हेभी गाडी, ट्याक्टर, जीप | २०।०० | | |
| | | मोटरसाइकल, ठेला गाडा, अटो रिक्सा र अन्य साधन | १०।०० | | |
| | नोट: पार्किङ्ग शुल्क बसपार्क स्थल व्यवस्थित भएपछि मात्र लाग्ने । | | | | |
| | | डोजर | २५०००।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 132 | व्यवसाय सुचिकृत कर (वार्षिक) | व्याक लोडर | १५०००।०० | | |
| | | ट्याक्टर | ३०००।०० | | |
| | | जीप, कार, भेन। ट्याक्सी | २५००।०० | | |
| 133 | हाटबजार कर | वार्षिक (ठेक्का) | १०००।०० | | |
| 134 | रूद्राक्ष व्यवसाय दर्ता दस्तुर तथा नविकरण | | ५०००।०० | | |
| | | | | | |

अनुसूची ९

| | जडिबुटी वन पैदावार | विस्तृत विवरण | दर | संख्या | जम्मा |
|---|---|---|---|---|---|
| १ | अलैंची | प्रति केजी | २।५० | | |
| २ | अमलिसो | प्रति केजी | ०।५० | | |
| ३ | मजिठो | प्रति केजी | ०।५० | | |
| ४ | रिठ्ठा | प्रति केजी | २।०० | | |
| ५ | अमला | प्रति केजी | २।०० | | |
| ६ | सुन्तला | प्रति केजी | ०।५० | | |
| ७ | कागती | प्रति केजी | १।०० | | |
| ८ | चिराइतो | प्रति केजी | १।०० | | |
| ९ | नेपाली कागज | प्रति केजी | २।०० | | |
| १० | लोक्ता | प्रति केजी | ०।५० | | |
| ११ | रुदाक्ष | प्रति केजी | ०।५० | | |